सिद्धार्थनगर, भैरहवा
☎०७१-५२०२११
फ्याक्स ०७१-५२०२११
Email:tahasil.dcrupandehi@supremecourt.gov.np

# श्री रुपन्देही जिल्ला अदालत

सिध्दार्थनगर, रुपन्देही

(तहसिल शाखा)

च.नं.

मिति : २०८१।०८।१२

पत्र संख्या:-०८१/०८२

## विषय : दशीको रुपमा दाखिल हुन आएका मालसामन फिर्ता लिन आउने बारेको जरुरी सुचना सम्बन्धमा।

सुचना प्रकाशित मितिः- २०८१।०८।१२

उपरोक्त सम्बन्धमा यस अदालत भित्र विभिन्न मुद्दाहरुमा दशी प्रमाणको रुपमा दाखिला भई जिन्सीमा आम्दानी बाँधिएका चार पाग्रे सवारी साधन, मोटरसाईकल, स्कुटर, खुकुरी, बन्चरो, हँसिया, ग्यास सिलिण्डर, कोदालो, बैट्री, पानी तान्ने मोटर, मोबाईल, ल्यापटप, फलामजन्य तथा तामाको तारजन्य सामानहरु र जिन्सीमा आम्दानीका रुपमा बाँधिएका विभिन्न प्रकृतिका मालसामनहरु व्यवस्थापन गर्नु पर्ने भएकोले कानुन बमोजिम आदेश वा फैसलाले फिर्ता पाउने ठहर भएका जिन्सीमा आम्दानी बाँधिएका सामानहरु फिर्ता लिन चाहेमा आफ्नो हक दावी पुग्ने प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ***७ (सात)*** दिनभित्र सम्वन्धित मालधनीले आफै वा एकाघरको परिवारको सदस्य समेतले आफ्नो परिचय खुल्ने कागजात प्रमाण सहित स्वंय उपस्थित भई यस अदालतमा दाबी पेश गर्न आउनुहोला । प्रस्तुत सुचना बमोजिको समयावधि भित्र फिर्ता लिन नआएमा त्यस्ता दसीका रुपमा आम्दानी बाँधिएका सामानहरु कानून बमोजिम लिलाम बिक्रि गरिने तथा लिलाम बिक्रि हुन नसक्ने सामानहरु सडाईने हुँदा जिल्ला अदालत नियमावली २०७५, को नियम ९२ मा रहेको कानुनी व्यवस्था बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

२०८१।८।१२

तहसिलदार

कुमार खतिवडा